आज मिति २०८३ साल भाद्र १० गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८३/०८४ को तेस्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता – अध्यक्ष –

श्री कुमारी विभा यादव – उपाध्यक्ष –

श्री सुर्य नारायण पाल – वडा अध्यक्ष, वडा नं.१ –

श्री जग नारायण मेहता – वडा अध्यक्ष, वडा नं.२ –

श्री राम बहादुर महतो – का.वा. वडा अध्यक्ष, वडा नं.३ –

श्री सुशिल मेहता – वडा अध्यक्ष, वडा नं.४ –

श्री मनोज कुमार मण्डल – वडा अध्यक्ष, वडा नं.५ –

श्री हरिनन्दन मेहता – वडा अध्यक्ष, वडा नं.६ –

श्री सुर्य नारायण यादव – वडा अध्यक्ष, वडा नं.७ –

श्री रुणा देवी दास – कार्यपालिका सदस्य –

श्री उषा देवी यादव – कार्यपालिका सदस्य –

श्री सुनिता देवी यादव – कार्यपालिका सदस्य –

श्री सम्तुलिया देवी बाँतर – कार्यपालिका सदस्य –

श्री मनोज कुमार भगत – कार्यपालिका सदस्य –

श्री किशोर कुमार पाल – कार्यपालिका सदस्य –

श्री बाबुराम घिमिरे – सचिव –

आमन्त्रित :

श्री डिल्ली प्रसाद पोखरेल – प्रशासकीय अधिकृत –

श्री बिन्देश्वर यादव – लेखा अधिकृत –

श्री वाल कुमार श्रेष्ठ – कम्प्युटर अधिकृत –

प्रस्तावहरु :

१) समिक्षा सम्बन्धमा।

२) संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा।

३) नापतौल काँटा कर ठेक्का सम्बन्धमा।

४) खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा (धान, गहुँ) अनुदान कार्यक्रम संचालन सम्बन्धमा।

५) म्याद थप सम्बन्धमा।

६) कर्मचारी तहवृद्धि सम्बन्धमा।

७) ट्युववेल वितरण सम्बन्धमा।

८) स्थायी प्रहरी बिट माग सम्बन्धमा।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को मिति २०८३/०४/१४ गते बसेको दोस्रो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार ईकाई, कोशी प्रदेश, विराटनगरको प.सं.०८३/८४, च.नं. शा.सु.ई./९५, मिति २०८३/०४/१३ गतेको पत्रानुसार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट जारी भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को अनुसूची-४ बमोजिम ढाँचामा यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्न आवश्यक भएको हुँदा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को बुँदा नं.५ को उपबुँदा नं.३ बमोजिम स्थानीय तहले सर्वेक्षण गर्नु पूर्व सम्बन्धित कार्यपालिकाको पूर्वस्वीकृति लिनुपर्ने भएकोले सोही मापदण्डको बुँदा नं.७ को उपबुँदा नं. इ अनुसार गठित तपसिलको सर्वेक्षण समितिलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को अधिनमा रही यस देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य गर्नका लागि पूर्वस्वीकृति दिने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

सर्वेक्षण समिति

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत - | संयोजक |
| ख) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - | सदस्य |
| ग) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा - | सदस्य सचिव |

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०४/०४ गते प्रकाशित चौथो पटकको ठेक्का नं. ०२/२०८२/०८३ देवानगञ्ज बजार (थोक बजार) नापतौल काँटा कर, देवानगञ्ज-२ सम्बन्धी सूचना अनुसार पेश भएको शिलबन्दी प्रस्तावमा श्री राजाजी कृषि तथा पशुपालन फर्म प्रोप्राइटर श्री सरस्वती देवी मेहता (ना.प्र.नं.९२/०६३०२९) ले प्रस्ताव पेश गरेको र उक्त प्रस्ताव मूल्याङ्कन समितिको सिफारिस बमोजिम स्वीकृत भई सम्झौताको लागि आवहान गरेकोमा निजले उल्लेखित समयावधी भित्र गाउँपालिकाको कार्यालयबाट ताकेता गर्दा समेत सम्झौता गर्न नआएको र उक्त ठेक्काको लागि श्री राजाजी कृषि तथा पशुपालन फर्म प्रोप्राइटर श्री सरस्वती देवी मेहताले पेश गरेको धरौटी रकम रु.१९,५००/- (अक्षरेपी उन्नाइस हजार पाँच सय रुपैया) जफत गर्ने र सो पश्चात दोस्रो प्रस्ताव पेश नभएकोले पुनः पाँचौं पटक देवानगञ्ज बजार (थोक बजार) नापतौल काँटा कर ठेक्काको नाम संशोधन गरी देवानगञ्ज बजार (थोक बजार) नापतौल काँटा र हाट कर ठेक्काको सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आ.व.२०८३/०८४ को सङ्घीय सरकारको शसर्त अनुदान चालु तर्फ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि विकास शाखाको लागि खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान धान, गहुँ बीउ वितरण कार्यक्रममा विनियोजन बजेट रु.१५,७५,०००/- (अक्षरेपी पन्ध्र लाख पचहत्तर हजार मात्र) मध्येबाट उन्नत धानको बीउ खरिद गर्न रु.६,००,०००/- (अक्षरेपी छ लाख मात्र) र उन्नत गहुँको बीउ खरिद/वितरण गर्न रु.९,७५,०००/- (अक्षरेपी नौं लाख पचहत्तर हजार मात्र) विनियोजन गरी बालीको सिजन/समय अनुसार व्यवसायिक कृषक, कृषि फर्म, कृषि समूह र कृषि सहकारी संस्था प्रा.लि.हरु बाट उन्नत धान र गहुँको बीउ माग संकलन गर्न सूचना प्रकाशन गरी कृषकको मात्र संकलन पश्चात DESES मा online माग गरी प्राप्त भएको वासलात बमोजिमको बीउ खरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक एवम् धार्मिक विद्यालयहरुमा करार/राहत/अनुदान शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी पदमा नियुक्ति भई निरन्तर रुपमा कार्यरत शिक्षक कर्मचारीहरुको कार्यसम्पादनका आधारमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट शिक्षा नियमावली, २०५९ को नियम ९७ (८) बमोजिमको करार म्याद थप भई आएपश्चात मात्र सामुदायिक एवम् धार्मिक विद्यालयमा कार्यरत करार/राहत/अनुदान शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको सेवा निरन्तरता रहने भएकोले उक्त म्याद थप गरि सोको जानकारी यस गाउँपालिकामा पठाउन विद्यालयहरुलाई सूचना गर्ने/गराउने सर्वसम्मत निर्णय गरियो।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ अनुसार देवानगञ्ज गाउँपालिकाको आ.व. २०८२/०८३ को मिति २०८३/०२/२१ गते बसेको २३ औं कार्यपालिका

बैठकको निर्णय नं.६ बमोजिमको तह वृद्धि सिफारिस समितिबाट मिति २०८३/०५/०१ गते सिफारिस भई आएका तपसिल बमोजिमका कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम तहवृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | हाल कार्यरत सेवा, समूह, पद, तह | तह वृद्धि गरिएको सेवा, समूह, पद, तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोज कुमार मेहता | २१५३२० | स्थानीय स्वास्थ्य, हेल्थ ईन्सपेक्सन, सि.अ.हे.व., सहायक पाँचौ | स्थानीय स्वास्थ्य, हेल्थ ईन्सपेक्सन, सि.अ.हे.व.अधिकृत, अधिकृतस्तर छैटौं | दफा २७ (१) बमोजिम |

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत खानेपानी ट्युववेल खरिद गरी वितरण गर्ने गरिब विपन्नका लागि देवानगञ्ज गा.पा.१,२,३,४,५,६ र ७ सुनसरी कार्यक्रम अन्तर्गत खरिद भएको ट्युववेल थान ७२५ देवानगञ्ज गाउँपालिकाको सात वटै वडामा सम्बन्धित वडा समितिको सिफारिसमा दलित, विपन्न तथा सार्वजनिक स्थलमा प्रयोग गर्नका लागि वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.३ स्थित कप्तानगञ्ज नयाँहाटमा बढ्दो शान्ति सुरक्षाको जोखिमलाई मध्येनजर गर्दै शान्ति सुरक्षाको स्थायित्व कायम राख्न स्थायी रुपमा आवश्यक जनशक्ति सहितको प्रहरी बिट स्थापना गर्नका लागि आवश्यक व्यवस्था मिलाईदिन जिल्ला प्रशासन कार्यालय, सुनसरीमा माग गर्ने सर्वसम्मत निर्णय गरियो।